# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

**खण्ड ४८) काठमाडौं, पुस १७ गते २०५५ साल (अतिरिक्ताङ्क ६१ (ख)**


## भाग ३

### श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सन् १९९९ को लागि संयुक्त राज्य अमेरिका, क्यानडा र यूरोपेली संघबाट प्राप्त तयारी पोशाक तथा वस्तुहरूको कोटा वितरण नीति देहाय बमोजिम गर्ने गरी निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

१. तयारी पोशाक उद्योगसँग न्यूनतम २५ थान सिलाई मेशिन र आफ्नो घर वा भाडाको घरमा उद्योग संचालन भएकोलाई मात्र कोटा वितरण गरिने छ।

२. तयारी पोशाक वा टावेलको भिसा सिफारिस गर्दा आवश्यक ठानेमा वाणिज्य मन्त्रालय, उद्योग विभाग, सम्वन्धित संघ र राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र समेतका पदाधिकारी सहितको टोलीले उद्योगको स्थलगत निरीक्षण गर्ने छ। नयाँ उद्योगको लागि भिसा दिनु पूर्व यस्तो निरीक्षण अनिवार्य रूपले गर्नु पर्नेछ।

३. तयारी पोशाक, सप टावेल, टेरी टावेल उद्योगहरू र व्यापारिक फर्महरूले निकासीका लागि प्राप्त गरेको भिसा परिमाण बिक्री हस्तान्तरण वा सट्टा पट्टा गर्न पाइने छैन।

४ विदेशी क्रेताले खोल्ने प्रतितपत्रमा तेश्रो व्यक्ति सम्झौता (Third Party Negotiation) गर्न पाइने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

५. नेपाली कपडा वा धागो खरिद गरी वा वण्डेड वयर हाउस अन्तर्गत कपडा वा धागो पैठारी गरी, वा धागो सोभै आयात गरी (कटन टावेलको हकमा) उत्पादित तयारी पोशाक र टावेलका लागि मात्र भिसा उपलब्ध गराइने छ । तयारी पोशाक उद्योगले नेपाली कपडा प्रयोग गरेको प्रमाणित गर्दा मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको उद्योगको प्रमाणित बिल सहितको नेपाली कपडा खरिद गरेको कागजात पेश गरेमा सोही वमोजिम गरिने छ । अन्यथा साबिकमा भैं घरेलु तथा शिल्पकला बिक्री भण्डारले प्रमाणित गर्ने छ ।

६. सन् १९९८ का लागि संयुक्त राज्य अमेरिका, क्यानडा र युरोपेली संघबाट कोटा लगाइएका सबै प्रकारका तयारी पोशाकको वर्गमा नेपाली कपडा प्रयोग गर्ने उद्योगहरूको लागि ५ प्रतिशत; अमेरिका/क्यानाडा यूरोपियन युनियन बाहेक अन्य मुलुकहरूमा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने उद्योगहरूका लागि ५ प्रतिशत; अमेरिका, क्यानडा र युरोपिय युनियनमा नन्कोटा वर्गका तयारी पोशाक निर्यात गर्ने उद्योगका लागि ५ प्रतिशत, नेपाली कपडा प्रयोग गरी निर्यात गर्ने उद्योगका लागि २ प्रतिशत; नयाँ उद्योगका लागि ५ प्रतिशत; ट्रेडिङ्ग फर्महरूका लागि १ प्रतिशत र जगेडा १ प्रतिशत गरी जम्मा २४ प्रतिशत छुट्याइने छ र बाँकी ७६ प्रतिशतमा पहिला माग गर्ने आउनेलाई पहिलो प्राथमिकता (First Come First Serve) को आधारमा भिसा उपलब्ध गराइने छ । जगेडाको लागि छुट्याइएको १ प्रतिशत १ डिसेम्बर, १९९९ देखि पहिलो प्राथमिकताको आधारमा वितरण गरिने छ । ट्रेडिङ्ग फर्मको लागि छुट्याइएको १ प्रतिशत, नेपाली कपडा प्रयोग गरी निकासी गर्ने, अमेरिका/क्यानाडा बाहेक अन्य मुलुकहरूमा परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी निर्यात गर्ने, अमेरिका र क्यानाडामा नन्कोटा वर्गका तयारी पोशाक निर्यात गर्ने र नयाँ उद्योगहरूको लागि छुट्याइएको समेत गरी २३ प्रतिशतबाट ३० सेप्टेम्बर १९९९ सम्म निकासी भई बाँकी रहन गएको परिमाण १ अक्टोवर १९९९ देखि पहिलो आउनेलाई पहिलो प्राथमिकताको आधारमा वितरण गरिने छ । तर कसैले कन्फर्मड प्रतित पत्र पेश गरी निकासी गर्ने समयावधि थप माग गरेमा नोभेम्बर अन्त्य सम्मको समयावधि प्रदान गर्न सकिने छ । यदि समयावधि थप माग गरी उक्त अवधि भित्र पनि निकासी नगरेमा जति परिमाण निकासी गर्न नसकेको हो सो परिमाणको प्रति थान रू.५०।- का दरले नेपाल तयारी पोशाक उद्योग संघले थप शुल्क लिई त्यसरी असुल गरेको शुल्क तुरून्त श्री ५ को सरकारले तोकेको खातामा जम्मा गर्ने र सोको जानकारी वाणिज्य मन्त्रालयलाई दिनु पर्ने छ ।

७ गत वर्षको निर्यातको आधारमा नेपाली कपडा प्रयोग गरी कोटा वर्गका पोशाक निर्यात गर्ने उद्योगहरूको लागि प्रोत्साहन स्वरूप छुट्याइएको ५ प्रतिशत कोटाबाट एकलाख यू.एस.डलर बराबरको परिवर्त्य विदेशी मुद्रामा निर्यात गरेका उद्योगलाई बढीमा ३००० थानका दरले भिसा दिइने छ । यदि नेपाली कपडा प्रयोग गर्ने उद्योगका लागि छुट्याइएको ५ प्रतिशत परिमाणले कोटा परिमाण अपुग भए स्वींग र क्यारी ओभर तथा क्यारी फर्वाडबाट हुन आउने परिमाणको केही अंश समेत नेपाली कपडा प्रयोग गरी निकासी गर्ने उद्योगहरूको लागि वितरण गरिने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०२४

८. नेपाली कपडा प्रयोग गरी निर्यात गर्न चाहने उद्योगका लागि छुट्याइएको २ प्रतिशत कोटाबाट एक पटकमा ३००० थानका दरले पहिला आउनेलाई पहिलो प्राथमिकताको आधारमा कोटा उपलब्ध गराइने छ । एक पटक निर्यात गरि सकेको उद्योगलाई सामान्यतया एक महिना भित्र पुनः यस्तो कोटा उपलब्ध गराइने छैन । नेपाली कपडा प्रमाणित गर्ने प्रक्रिया दफा ५ मा उल्लेख भए बमोजिम हुनेछ ।

९. सबै प्रकारका तयारी पोशाकको कोटा वर्गमा नेपाली कपडा प्रयोग गर्ने उद्योगका लागि छुट्याइएको ५% कोटा मध्येबाट आंशिक रूपमा नेपाली कपडा प्रयोग गरी निकासी गरेमा नेपाली कपडा उद्योगबाट कपडा खरिद गरेको व्यहोरा मूल्य अभिवृद्धि कर कार्यालयले मूल्य अभिवृद्धि कर असूल गरेको बिललाई मान्यता दिई सो खरिद बिलको कपडा प्रयोग गरी तयारी पोशाक निकासी भएपछि सो बिलमा उल्लेख भएको मूल्यको ६% ले हुन आउने निर्यात मूल्य बराबरको तयारी पोशाकको थप कोटा प्रदान गरिनेछ । खरिद गरेको नेपाली कपडा मध्ये निकासी हुने तयारी पोशाकमा के कति कपडा खपत हुन गएको छ जाँची नेपाल तयारी पोशाक उद्योग संघले खरिद गरेको नेपाली कपडाको खपतको आधारमा कोटा सिफारिस गर्नेछ । यस सम्बन्धमा खपत एकिन गर्न आवश्यक भएमा तयारी पोशाक निर्यात प्रवर्द्धन समितिबाट गठित कपडा खपत इकाईमा पठाउनु पर्नेछ ।

१०. अमेरिका/क्यानाडा बाहेक अन्य मुलुकहरूमा निर्यात गर्ने उद्योगहरूका लागि प्रोत्साहन स्वरूप छुट्याइएको ५ प्रतिशत कोटाबाट गत वर्षको निर्यातको आधारमा एकलाख डलर बराबरको पोशाक परिवर्त्य विदेशी मुद्रामा निर्यात गर्ने उद्योगलाई बढीमा २००० थानका दरले भिसा दिइने छ ।

११. अमेरिका र क्यानाडामा नन्‌कोटा वर्गका तयारी पोशाक निर्यात गर्ने उद्योगका लागि छुट्याइएको ५ प्रतिशत कोटा परिमाण सन् १९९८ मा निर्यात गरेको मूल्यको अनुपातमा वितरण गरिने छ ।

१२. नयाँ उद्योगको लागि छुट्याइएको ५ प्रतिशत कोटा मध्येबाट काठमाडौं उपत्यका भित्र नयाँ सञ्चालन हुने उद्योगको लागि बढीमा ४० प्रतिशतले हुन आउने कोटा परिमाण मात्रै उपलब्ध गराइने छ ।

१३. तयारी पोशाक वर्ग ३३६/६३६ का लागि एक पटकमा ५०० दर्जन सम्मको भिसा उपलब्ध गराउने र अन्य वर्गको पोशाकको लागि पहिला माग गर्न आउनेलाई पहिलो प्राथमिकता (First Come First Serve) को आधारमा एक पटकमा २००० दर्जन सम्मको भिसा उपलब्ध गराइने । यदि उक्त परिमाण भन्दा बढी भिसा आवश्यक परेमा समितिको निर्णयानुसार गठित साबिककै उप समितिले छानबिन गरी उपलब्ध गराइने छ ।

१४ नेपालबाट संयुक्त राज्य अमेरिका निर्यात हुने सप टावेल र टेरी टावेलको लागि माथि उल्लेखित दफा २, ३, ४ र ५ को प्रावधानको अतिरिक्त निम्न शर्तहरू समेत कायम गरी कोटा वितरण देहाय अनुसार गरिनेछ :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सप टावेल तथा टेरी टावेल उद्योगसँग न्यूनतम १० थान विभिङ मेशिन हुनु पर्नेछ तथा आफ्नो घर वा भाडाको घरमा उद्योग सञ्चालन भएको हुनु पर्ने छ ।

(ख) सन् १९९८ मा सप टावेल र टेरी टावेल निकासी गरेको मूल्यको आधारमा कूल कोटाको ६६ प्रतिशत परिमाण PPEX (Past Performance Export) को आधारमा वितरण गरिने छ ।

(ग) कूल कोटाको १५प्रतिशत परिमाण सन् १९९८ मा निकासी गरी सकेका सबै उद्योगलाई बराबर परिमाणमा वितरण गरिनेछ ।

(घ) सन् १९९९ मा निकासीका लागि आवेदन गर्ने नयाँ उद्योगलाई कूल कोटाको ५ प्रतिशत छुट्याइएको छ । एक पटकमा नयाँ उद्योगका लागि सप टावेलको हकमा ६००० के.जि. र टेरी टावेलमा ६०,००० थान परिमाणको भिसा उपलब्ध गराइनेछ । यसरी नयाँ उद्योगको लागि छुट्याइएको ५ प्रतिशत कोटा मध्येबाट काठमाडौं उपत्यका भित्र स्थापना हुने नयाँ उद्योगको लागि बढीमा ४० प्रतिशतले हुन आउने परिमाण मात्रै कोटा उपलब्ध गराइने छ ।

(ङ) अमेरिका बाहेक अन्य मुलुकमा सप टावेल तथा टेरिटावेल निर्यात गर्ने तथा सप टावेल र टेरी टावेल बाहेक अन्य नन्कोटाका टावेल उत्पादन गरी निकासी गर्ने उद्योगका लागि ३ प्रतिशत छुट्याइएकी छ । सन् १९९८ मा १० हजार यू.एस.डलर निकासी गर्ने उद्योगका लागि एक पटकमा सप टावेलको हकमा ३००० के.जि. र टेरी टावेलको हकमा २५ हजार थान टेरी टावेलको कोटा प्रोत्साहन स्वरूप प्रदान गरिनेछ ।

(च) नेपालमा उत्पादित धागो प्रयोग गरी टावेल उत्पादन गर्ने उद्योगका लागि ५ प्रतिशत कोटा छुट्याइने छ । यसरी नेपाली धागो प्रयोग गरी उत्पादन गर्ने उद्योगका लागि एक पटकमा सप टावेलको हकमा ६००० के.जि. र टेरी टावेलको हकमा ३० हजार थानको दरले कोटा वितरण गरिनेछ । कोटा प्रथम प्राथमिकताको आधारमा नै वितरण गरिनेछ । एक पटक यस्तोकोटा प्राप्त गरेपछि सामान्यतया १ महिना सम्म अर्को कोटा दिइने छैन ।

(छ) व्यापारिक फर्महरूको लागि कूल कोटाको १ प्रतिशत राखिनेछ ।

(ज) कूल कोटाको ५ प्रतिशत जगेडामा राखिनेछ ।

(झ) PPEX (Past Performance Export) वा बराबरीका आधारमा कोटा प्राप्त गर्ने उद्योगको लागि सप टावेलको हकमा एक पटकमा १५,००० के.जि. भन्दा बढीको भिसा माग भएमा तयारी पोशाक उद्योगको लागि तोकिएको उप समितिलेनै छानबिन गरी उपलब्ध गराउने छ । तर सोको अधिकतम परिमाण ३०,००० के.जि.भन्दा बढी हुने छैन । उपर्युक्त PPEX र बराबरीका आधारमा कोटा प्राप्त गर्ने टेरी टावेलका हकमा एक पटकमा १,२०,००० (एक लाख बीस हजार) थानको भिसा उपलब्ध गराइने छ । यदि १,२०,००० (एकलाख बीस हजार) थान भन्दा बढीको भिसा माग भएमा तयारी पोशाकका लागि माथि तोकिएको उप समितिले छानबिन गरी उपलब्ध गराउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०२६

(ञ) माथि उल्लेखित क, ख, ग, घ, ङ र च अनुसार वितरण गरिएको सप तथा टेरी टावेलको कोटा परिमाण अक्टोबरको अन्त्य सम्ममा निकासी गरी सक्नु पर्नेछ। निकासी नभै बाँकी रहन गएको परिमाण १ नोभेम्बर देखि स्वतः रिजर्भमा राखी प्रथम प्राथमिकताको आधारमा वितरण गरिनेछ। कसैले आफूले प्राप्त गरेको परिमाण निकासी गर्न नसकी कन्फर्म्ड (Confirmed) प्रतित पत्र सहित समयावधी थपको माग गरेमा नोभेम्बर ३० सम्मको समयावधी थप गर्न सकिने छ। तर यदि निजले उक्त थप समयावधी भित्र पनि उक्त परिमाण निकासी गर्न नसकेमा आगामी वर्षमा उक्त उद्योगले प्राप्त गर्ने जुनसुकै कोटा परिमाणबाट त्यसरी रोकी राखेको (Hold) कोटा परिमाणको दोब्बर परिमाण आगामी वर्ष कटाइने छ।

(ट) जगेडामा राखिएको ५ प्रतिशत परिमाण तयारी पोशाक निर्यात प्रवर्द्धन समितिले आवश्यकतानुसार अध्ययन गरी वितरण व्यवस्था मिलाउन सक्नेछ। अन्यथा डिसेम्बर १, १९९९ देखि पहिला आउनेलाई पहिलो प्राथमिकताको आधारमा वितरण गरिनेछ।

१५. श्री ५ को सरकारले आवश्यक ठानेमा कुनै तयारी पोशाक उद्योग, टावेल उत्पादन गर्ने उद्योग तथा टेक्सटाइल प्रडक्ट्सको उत्पादन तथा निर्यात गर्ने उद्योगहरूको निरीक्षण गर्न सक्नेछ।

१६. यूरोपेली संघ (European Union) का मुलुकहरूमा तयारी पोशाक तथा अन्य वस्तुहरूको निर्यातमा GSP सुविधा प्राप्त गर्न Rules of Origin को प्रावधानहरूबाट उन्मुक्तिका लागिअनुरोध गरे अनुसार यूरोपेली संघबाट आशियान (म्यानमार बाहेक) लोमे कन्भेन्सन र सार्क मुलुकहरूबाट आयातित कपडाबाट निर्मित तयारी पोशाक तथा अन्य वस्तुहरूमा तोकेको परिमाणसम्म उत्पत्तिको नियमका प्रावधानहरूको व्यवस्थाबाट उन्मुक्ति प्रदान गरेअनुसार उक्त सुबिधा अन्तर्गत निर्यात गर्न पाउने गरी सन् १९९९ मा प्राप्त कोटा परिमाण वितरण गर्दा माथि दफा ६ को व्यवस्था अनुसार तयारी पोशाक उद्योग संघले First Come First Serve को आधारमा निर्यात गर्न सिफारिस गर्ने छ।

१७. तयारी पोशाक तथा वस्तुहरूको व्यापारिक फर्महरूको लागि छुट्याइएको कोटा परिमाणबाट नपुग भएमा समितिको सिफारिसमा आवश्यकता हेरी जगेडामा रहेको परिमाणबाट थप दिन सकिने छ।

१८. माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि तयारी पोशाकको कुनै वर्ग, सप टावेल र टेरी टावेलमा कुल कोटा मध्येबाट ४५ प्रतिशत निर्यात भएपछि वा प्रथम ५ महिना समाप्त भएपछि (जुन पहिला आउँछ) सबै तयारी पोशाक, सप टावेल र टेरी टावेलको निर्यात कोटा उपयोगको स्थिति बारे पुनरावलोकन गरी समितिको सिफारिसमा कोटा परिमाण थपघट गर्न सकिनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9026

१९. कोटा उपयोगको स्थितिबारे निरन्तर रूपमा तयारी पोशाक निर्यात प्रवर्द्धन समितिले अनुगमन गर्ने व्यवस्था मिलाउने तथा आवश्यकता अनुसार समय समयमा पुनरावलोकन गर्ने छ ।

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको सचिव



मुद्रक :- मुद्रण विभाग, सिंहदरबार, काठमाडौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१०६८